# बागमती विश्वविद्यालय, सेवा आयोगको अध्यक्ष तथा सदस्य नियुक्ति सिफारिस सम्बन्धी मापदण्ड, २०८३

प्रस्तावना :

बागमती प्रदेशले जारी गरेको प्रदेश उच्च ऐन, २०७८ नियमावली, २०७९ तथा बागमती विश्वविद्यालय विधान, २०८१ बमोजिम स्थापना भएको बागमती विश्वविद्यालयको सेवा आयोगको अध्यक्ष र सदस्य नियुक्ति गर्नका लागि सिफारिस गर्ने प्रक्रियालाई व्यवस्थित एवम् पारदर्शी बनाई उपयुक्त उम्मेदवारको छनौट गर्न बागमती विश्वविद्यालयको संरक्षक समिति (बोर्ड अफ ट्रस्टी) ले यो कार्याविधि स्वीकृत गरिएकोछ ।

संक्षिप्त नाम र प्रारम्भः

१) यस मापदण्डको नाम बागमती विश्वविद्यालय सेवा आयोगको अध्यक्ष र सदस्य सिफारिस सम्बन्धी मापदण्ड, २०८३ रहेको छ ।

२) यो मापदण्ड स्वीकृत मितिबाट लागू हुनेछ ।

१. प्ररिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा :

क) "उम्मेदवार" भन्नाले सेवा आयोगको अध्यक्ष वा सदस्य पदमा सिफारिसका लागि कार्ययोजना सहित निवेदन र आवश्यक कागजातहरु पेश गरेको व्यक्तिलाई सम्झनु पर्दछ ।

ख) "कार्ययोजना" भन्नाले बागमती विश्वविद्यालयको सेवा आयोगको अध्यक्ष वा सदस्य पदका उम्मेदवारले अनुसूची १ बमोजिम पेश गर्ने अवधारणा सहितको संक्षिप्त कार्ययोजना सम्झनु पर्दछ ।

ग) "तोकिएको समय" भन्नाले सेवा आयोगको अध्यक्ष वा सदस्यका लागि कार्ययोजना सहित निवेदन र आवश्यक कागजातहरु पेश गर्न तोकिएको अन्तिम मिति सम्झनु पर्दछ ।

घ) "विश्वविद्यालय" भन्नाले बागमती विश्वविद्यालय सम्झनु पर्दछ ।

ङ) "सिफारिस समिति" भन्नाले सेवा आयोगको अध्यक्ष वा सदस्य वा दुवै सिफारिस गर्न विश्वविद्यालय संरक्षक समिति (बोर्ड अफ ट्रस्टी) को निर्णय बमोजिम गठन भएको सिफारिस समिति सम्झनु पर्दछ ।

च) "सेवा आयोग" भन्नाले बागमती विश्वविद्यालय सेवा आयोग सम्झनु पर्दछ ।

२ बैठक सम्बन्धी व्यवस्थाः

१) सिफरिस समितिको बैठक सिफारिस समितिको संयोजकले तोके बमोजिमको मिति, समय र स्थानमा बस्नेछ ।

२) संरक्षक समितिबाट स्वीकृत यस मापदण्डअनुसार सिफारिस समितिले आफ्नो कार्य सम्पादन गर्नेछ ।

३) समितिले आवश्यकतानुसार सम्वन्धित विषयवस्तुको विज्ञलाई बैठकमा आमन्त्रण गर्न वा कुनै कामको लागि जिम्मेवारी प्रदान गर्न सक्नेछ ।

३. उम्मेदवारको लागि योग्यता र छनोटको मापदण्ड

१) उम्मेदवारको योग्यता देहाय अनुसार हुनेछ :

अध्यक्षको लागि

क कुनै विश्वविद्यालयमा कार्यरत वा निवृत्त प्राध्यापक

ख. शैक्षिक प्रशासनिक अनुभव भएको प्रमाणित कागजात

ग. कम्तीमा द्बितिय श्रेणीमा स्नातकोत्तर उत्तीर्ण गरी विद्यावारिधिको उपाधी प्राप्त

घ. कुनै पनि राजनीतिक दलको सदस्य नरहेको स्व: घोषणा

ङ कुनैपनि फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको स्व:घोषणा (कुनै कानुनले अयोग्य नठहरिएको)

**सदस्यका लागि**

क) कुनै विश्वविद्यालबाट निवृत्त प्राध्यापक

ख. शैक्षिक प्रशासनिक अनुभव भएको प्रमाणित कागजात

ग. कम्तीमा द्वितिय श्रेणीमा स्नातकोत्तर उतिर्ण गरी विद्यावारिधिको उपाधी प्राप्त

घ. कुनै पनि राजनीतिक दलको सदस्य नरहेको स्व: घोषणा

ङ कुनैपनि फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको स्व:घोषणा (कुनै कानुनले अयोग्य नठहरिएको)

२) उम्मेदवारको छनोटका लागि योग्यताक्रम निर्धारणका आधार देहाय अनुसार हुनेछ :

| क.स. | योग्यताक्रम निर्धारण आधार | अङ्क भार | | | | प्रष्टिकरण |
|---|---|---|---|---|---|---|
| १ | शैक्षिक योग्यता | विशिष्ट | प्रथम | द्वितीय | जम्मा | |
| | क) स्नातकोत्तर | ८ | ७ | ६ | २४ | |
| | ख) विद्यावारिधि | १६ | | | | |
| २ | शैक्षिक प्रशासनिक अनुभव<br>क) विश्वविद्यालयको डिन, सहायक डिन, सेवा आयोगको अध्यक्ष, सदस्य भै कार्यगरेको वा कार्यालय प्रमुख भई कार्य गरेको प्रतिवर्ष २ अंकका दरले<br>ख) प्राध्यापन प्रति वर्ष १.५ | १६ | | | | ▪ दोहोरो अङ्क प्रदान नगरिने |
| ३ | अनुसन्धान सम्वन्धी लेख, प्रविधि, अनुसन्धानमूलक पुस्तक प्रतिलिपि अधिकार | ३० | | | | ▪ समकक्षी पुनरावलोकित अन्तर्राष्ट्रिय वा राष्ट्रिय स्तरीकृत जर्नल, प्रविधि विकास र प्रतिलिपी अधिकार<br>▪ अन्तराष्ट्रिय जर्नलको श्रेणीअनुसार क्रमश: ५, ४, ३, २ अङ्कका दरले (Sci Mago जर्नलको स्तरअनुसार) First Author, Corresponding Author र अरू Author भएमा क्रमश: तोकिए बमोजिमको पूर्णाङ्क (Full Marks) को १०० प्रतिशत, ७५ प्रतिशत र ५० प्रतिशत अङ्कप्रदान गरिनेछ ।<br>▪ राष्ट्रिय स्तरीकृत जर्नलमा प्रकाशित अनुसन्धान कृतिको हकमा समितिले तोकको विज्ञहरूबाट मूल्याङ्कन मूल्याङ्कन गरी प्राप्त हुन आएको अङ्क (प्रतिलेख बढीमा २ अङ्क)<br>▪ First Author, Corresponding Author/ अरू Author भएमा क्रमश: |

| | | | |
|---|---|---|---|
| | | | तोकिए बमोजिमको पूर्णाङ्क (Full Marks) को १०० प्रतिशत, ७५ प्रतिशत र ५० प्रतिशत अङ्क प्रदान गरिनेछ ।<br>▪ Review Papers (अन्तर्राष्ट्रिय) प्रति Paper २ अङ्कका दरले (बढीमा ५ प्रति) First Author, Corresponding Author र अरू Author भएमा क्रमश: तोकिए बमोजिमको पूर्णाङ्क (Full Marks) को १०० प्रतिशत, ७५ प्रतिशत र ५० प्रतिशित अङ्क प्रदान गरिनेछ ।<br>▪ Review Papers (राष्ट्रिय) प्रति Paper १ अङ्कका दरले (बढीमा ५ प्रति) First Author, Corresponding Author र अरू Author भएमा क्रमिश: तोकिएबमोजिमको पूर्णाङ्क (Full Marks) को १०० प्रतिशत, ७५ प्रतिशत र ५० प्रतिशत अङ्क प्रदान गरिनेछ ।<br>▪ प्रतिलिपि अधिकार प्रति अधिकार ५ अङ्कका दरले (बढीमा ३ प्रति)<br>▪ First Author, Corresponding Author र अरू Author भएमा क्रमिश: तोकिए बमोजिमको पूर्णाङ्क (Full Marks) को १०० प्रतिशत, ७५ प्रतिशत र ५० प्रतिशत अङ्क प्रदान गरिनेछ ।<br>▪ अन्तर्राष्ट्रिय अनुसन्धान प्रतिवेदन ५ अङ्कका दरले (बढीमा २ प्रति)<br>▪ PI भएमा पूर्णाङ्क Full Marks र Co-PI भएमा पूर्णाङ्क (Full Marks) को आधा अङ्क प्रदान गरिनेछ ।<br>▪ राष्ट्रिय अनुसन्धान, सहकार्यात्मक अनुसन्धान, संस्थागत, नीतिगत अनुसन्धान प्रतिवेदन २.५ अङ्कका दरले (बढीमा ४ प्रति) PI भएमा पूर्णाङ्क (Full Marks) र Co PI भएमा पूर्णाङ्क (Full Marks) को आधा अङ्क प्रदान गरिनेछ ।<br>▪ अनुसन्धानमूलक पुस्तक प्रतिपुस्तक २ अङ्कका दरले बढीमा ४ अङ्क |

| | | | |
|---|---|---|---|
| | | | ▪ विद्यावारिधि शोधनिर्देशन/सहनिर्देशन ६ अङ्क प्रति शोधनिर्देशन २ अङ्क प्रति सहनिर्देशन १ अङ्क (उपाधि प्रदान भइसकेको हुनुपर्ने) |
| ४ | विश्वविद्यालय र वि.वि. सेवा आयोग सम्बन्धी अवधारण सहितको कार्ययोजना | २० | |
| ६ | अन्तरक्रियात्मक संवाद | १० | |
| जम्मा | | १०० | |

पुनश्च: कार्यालय प्रमुख भन्नाले विश्वविद्यालयका डिन, क्याम्पस प्रमुख, कार्यकारी निर्देशक, परीक्षा नियन्त्रक, केन्द्रीय विभागीय प्रमुखलाई जनाउँछ । एक वर्षभन्दा कम अनुभवलाई एक वर्षको (१२ महिनाको) दामसाहीले गणना गरिने छ । अनुभव गणना गर्दा विश्वविद्यालय र सो अन्तर्गतका आङ्गिक क्याम्पस र कार्यालयहरूमा गरेको सेवाको अनुभव गणना गरिनेछ । अनुभव गणना गर्दा दोहोरो पर्ने गरी गणना गरिने छैन ।

**४. विश्वविद्यालय सेवा आयोगसम्बन्धी अवधारण र संक्षिप्त कार्ययोजना सहितको निवेदन माग गर्ने सम्बन्धी व्यवस्था**

१) यस मापदण्डको दफा ३ बमोजिम योग्यता पुगेका इच्छुक आवेदकहरूबाट यस मापदण्डको अनुसूचि १ बमोजिमका कागजात एवम् अवधारणा सहितको संक्षिप्त कार्ययोजना सहितको निवेदन पेश गर्ने १५ दिनको अवधि तोकी सार्वजनिक सूचना विश्वविद्यालयको website मा प्रकाशन गर्नेछ ।

२) इच्छुक उम्मेदवारले तोकिएको म्यादभित्र आफ्नो अवधारणासहितको संक्षिप्त व्यावसायिक कार्ययोजना सहितको निवेदन र आवश्यक कागजातहरु बागमती विश्वविद्यालय, संरक्षक समिति (बोर्ड अफ ट्रस्टी) को सचिवालय हेटौडामा दर्ता गराउनुपर्नेछ ।

३) कुनै उम्मेदवार आफै सचिवालयमा उपस्थित हुन नसकेमा तोकिएको कार्यालय समय भित्र बागमती प्रदेश विश्वविद्यालयको इमेल ठेगाना info@bagmatiuniversity.edu.np मा कार्ययोजना सहितको निवेदन र आवश्यक कागजातहरू Pdf फाइल बनाई पेश गर्न सक्नेछन् ।

**५. कार्ययोजनाको अध्ययन:**

१) तोकिएको समयभित्र प्राप्त भएका विश्वविद्यालय सेवा आयोग सम्बन्धी अवधारणासहितको संक्षिप्त व्यावसायिक कार्ययोजना सहितको निवेदन र आवश्यक कागजातहरुको समितिले गहनरूपमा अध्ययन, मूल्याङ्कन गर्नेछ ।

२) प्राप्त भएका कार्ययोजना सहितको आफुले सेवा गर्न चाहेको पद खुलाइएको निवेदन र आवश्यक कागजातहरूको अध्ययन गर्दा समितिले यस मापदण्डको अनुसूची २ बमोजिमका विषयवस्तुलाई आधार लिनेछ ।

**६. सिफारिसम्बन्धी व्यवस्था:**

१) सिफारिस समितिमा प्राप्त भएका उम्मेदवारहरु मध्येबाट सबै उम्मेदवारको मुल्याङ्कन गरी उत्कृष्ट पाँचजना उम्मेदवारको सक्षिप्त सूची (सर्टलिष्ट) गरिनेछ । पाँचौं नम्बरमा एकभन्दा बढी उम्मेदवारको समान अङ्क भएमा समान अङ्क प्राप्त गर्ने सबैलाई सक्षिप्त सूचिमा समावेश गरिनेछ । तर पाँच जना वा सो भन्दा कम उम्मेदवारको आवेदन परेमा न्यूनतम योग्यता पूरा गरेका सबैलाई कार्ययोजना सहित अन्तरक्रियात्मक सम्वाद कार्यक्रममा समावेश गरिनेछ । उम्मेदवारको व्यावसायिक कार्य योजनाको अन्तरसम्वाद समेतको कुल १०० मा सबै भन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेवारहरू मध्येबाट उत्कृष्ट तीन

जना उम्मेदवारहरुको नाम सहितको सिफारिस सिलबन्दी गरी विश्वविद्यालयको सेवा आयोगमा नियुक्ति गर्ने प्रयोजनका लागि पद समेत खुलाइ सिफारिस समितिले बागमती विश्वविद्यालयको संरक्षक समिति (बोर्ड अफ ट्रस्टी)को सचिवालयसमक्ष सिफारिस गर्नेछ । कुनै दुईजना उम्मेदवारको मुल्याङ्कनको अङ्क समान भएमा महिला उम्मेदवारलाई प्राथमिकता दिइने छ ।

**७. बाधा अड्काउ फुकाउने:**

१) सार्वजनिक सूचना आव्हान गर्दा निवेदन नपरेमा वा प्राप्त भएका निवेदनहरुमा न्यूनतम योग्यता नपुगेमा पुनः अर्को सात दिनको समय दिई सूचना आव्हान गरिनेछ ।

२) दोस्रो पटक सूचना आव्हान गर्दा पनि निवेदन नपरेमा वा परेका निवेदनहरू पनि योग्य नभएमा योग्यता पुगेको जो कोही एक जनालाई नियुक्तीका लागि सिफारिस गर्नेछ । यस मापदण्डमा उल्लेख भएका व्यवस्थाहरु यसैबमोजिम र अन्यमा बागमती प्रदेश विविद्यालयको संरक्षक समिति (बोर्ट अफ ट्रस्टी) को निर्णय बमोजिम हुनेछ ।

३) सिफारिस सम्बन्धी कार्य सम्पादन गर्दा समितिले आवश्यकता अनुसार यस मापदण्डको व्याख्या गर्ने तथा अन्य उपयुक्त निर्णय गरी कार्यसम्पादन गर्न सक्नेछ ।

**अनुसूची १**

**उम्मेदवारले पेश गर्नुपर्ने कार्ययोजना सहितको निवेदन र आवश्यक कागजातहरू**

१. निवदेन (आफुले सेवा गर्न चाहेको पद खुलाइएको निवेदन),

२. वैयक्तिक विवरण (CURRICULUM VITAE),

३. विश्वविद्यालय सेवा आयोगसम्बन्धी अवधारणासहितको संक्षिप्त व्यावसायिक कार्ययोजना (बढीमा २००० शब्दसम्म),

४. निवेदन साथ पेश गर्नुपर्ने कागजात

क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

ख. मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा द्वितीय श्रेणीमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरी विद्यावारिधि गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

ग. तोकिएबमोजिम स्तरीकृत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशित लेख तथा स्तरीकृत भएका पुस्तक तथा सामग्रीहरू, प्रकाशित पुस्तकहरूको सक्कलप्रति र प्रकाशित लेखरचना (प्रकाशित जर्नलको पहिचान प्रष्ट खुल्नेगरी) प्रमाणित प्रतिलिपि,

घ. अन्तराष्ट्रिय विश्वविद्यालयमा अध्यापन गरेको भए कार्य अनुभवको प्रमाणित कागजात,

ङ. अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कोषबाट सञ्चालित अनुसन्धान परियोजनाको नेतृत्व (PI, Co-PI O Member) तथा कोष वृद्धि र राष्ट्रिय अन्तर्राष्ट्रिय सहकार्यसम्बन्धी भए गरेका अनुभवका कागजात,

च. उच्च शिक्षा प्रदायक संस्थामा काम गर्दा वा नेतृत्व तहमा वा व्यवस्थापन तहमा गरेको कार्य अनुभव र उपलब्धि स्पष्ट खुल्ने प्रमाणित विवरण, आफूले शैक्षिक, प्राज्ञिक क्षेत्रमा योगदान गरेको अन्य थप कुनै प्रमाण भएमा प्रमाणित विवरण

छ. वैदेशिक विश्वविद्यालयका शैक्षिक प्रमाणपत्रहरू त्रिभुवन विश्वविद्यालयबाट समकक्षता प्राप्त भएको हुनुपर्नेछ,

ज. विश्वविद्यालय अन्तर्गतका शिक्षण संस्थामा शिक्षण गरेको अनुभवको प्रमाणित कागजात,

झ. विश्वविद्यालयसँग स्वार्थ बाझिने गरी विभिन्न निजी शैक्षिक संस्थाहरूमा लगानी नभएको/नगरेको स्वघोषणा,

ञ. कुनै पनि फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको स्व:घोषणा (कुनै कानुनले अयोग्य नठहरिएको),

ट. कुनै राजनैतिक दलको सदस्य नरहेको र पदमा रहदासम्म राजनैतिक दलसँग आबद्ध नहुने स्वःघोषणा ।

## अनुसूची २

**क. अवधारणासहितको कार्ययोजना मूल्याङ्कनका आधारहरू** २०

| क.स. | विषयवस्तु | अङ्कभार |
|---|---|---|
| १. | विश्वविद्यालयको विद्यमान अवस्था | ४ |
| २. | विद्यमान अवस्थाका समस्या, अवसर र चुनौतीहरूको संक्षिप्त विश्लेषण (SWOT Analysis ) | ४ |
| ३. | कार्ययोजना<br>क. विश्वविद्यालयमा जनशक्ति आपूर्ति<br>ख. सेवा आयोगको प्रक्रिया<br>ग. विश्वविद्यालयले अवलम्बन गर्नुपर्ने कार्यदिशा र कार्ययोजना । | १२ |
| | जम्मा | २० |

**ख. अन्तरक्रियात्मक संवाद** १०

| क.स. | शीर्षक | अङ्कभार |
|---|---|---|
| १. | विषयवस्तुको ज्ञान | ३ |
| २. | आत्मविश्वास र व्यक्तित्व | ४ |
| ३. | अभिव्यक्ति र तार्किक क्षमता | ३ |
| | जम्मा | १० |

न्यूनतम ४० प्रतिशत भन्दा कम र अधिकतम ८० प्रतिशतभन्दा माथी अङ्क प्रदान गर्नु परेमा उपर्युक्त कारण जनाउनु पर्ने छ । कम्तीमा २ जना अन्तर्वार्ताकारहरूले कारण जनाइ दिएको अङ्कलाई मान्यता दिइने छ अन्यथा न्यूनतम वा अधिकतम अङ्क कायम गरिने छ ।